# शिखर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तल्कोट, डोटी

नगर कार्यपालिकाको कार्यालय शिखर न.पा. तल्कोट, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०७९।०८०
च.नं.

विषय : नदि जन्य पदार्थको बिक्रि शुल्क संकलनका लागी बोलपत्र आह्वान सम्बन्धी सुचना ।

**तेस्रो पटक प्रकाशित मिति २०७९।०७।०२२**

स्थानिय सरकार सचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क)अनुसार यस शिखर न.पा.ले आफ्नो क्षेत्र भित्र भएर बग्ने नदिको IEE गरेको र घाटगद्दी तोकिएका नदि खोलाहरुबाट गिट्टी, बालुवा,ढुगा,ग्राभिल आदिको कुल सकलन घन मि ६१,०१२.९० मात्र (बिक्री प्रति घन मि रु १०० र कार्यपालिकाको निर्णय बमोजिम १५ प्रतिशत छुट गरी जम्मा ८५.०० (भ्याट बाहेक) नदि जन्य प्रदार्थको (स्थानिय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्रावधान बमोजिम आ.व ०७९।०८० का लागी नगर सभा बाट तोकिएको दररेट बमोजिम रोयल्टी सकलन गर्न चाहने इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागी तपशिल बमोजिमको शर्त अधिनमा रही ७ दिने सिलबन्दी बोलपत्र आह्वानको सावर्जनिक सुचना प्रकाशित गरिएको छ ।

**तपशिल शर्तहरु**

१ न्युनतम ठेक्का अंक रु ५१८६०९३।९५ (भ्याट बाहेक) कायम गरिएको छ ।

२ ठेक्काको अवधी ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले २०८० जेठ मसान्त सम्म मात्र कायम गरिनेछ ।

३ तोकिएको घाटगद्दी स्थानको सिमा रेखा भन्दा बाहिर गई रोयल्टी सकलन गर्न पाइने छैन,तोकिएको सिमा भन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४ बोलपत्र दाखिला गर्न इच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद बापतको रकम एभरेष्ट बैंक लि गोपघाट शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता ०३३००१०३२००००१ मा नगद रु ३०००। (पछि फिर्ता नहुने गरि) जम्मा गरेको भौचर समेत सलग्न गरी पेश गर्नु पर्नेछ ।

५ बोलपत्र आठौं दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्नेछ र सोही दिनको २:०० बजे कार्यालय समय भित्र खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६ बोलपत्र पेश गर्ने र खोल्ने दिन सावर्जनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धी काम गरिनेछ ।

७ बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैंक लि गोपघाट स्थित धरौटी खाता (हि न ०३३००१०३२००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ । भौचर वा सो रकम बराबरको १२० म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

८ यस सुचनामा लेखेको कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फारममा उल्लेखित शर्तहरु,यस नगरपालिकाको स्वीकृत सावर्जनिक खरिद नियमावली २०७७,ढुगा, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७,स्थानिय सरकार सचालन ऐन २०७४,नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९ यस कार्यालयको महालेखा परिक्षणको प्रतिवेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सुचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागी भ्याट समायोजन गरेको सम्बन्धीत आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरे पछि मात्र योग्य हुनेछन । यस व्यहोरा अनुसार सम्बन्धित फर्म वा कम्पनीबाट आफ्नो बेरुजु विवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षणको प्रतिवेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१० यो सुचना शिखर न.पा.को वेबसाइट www.shikharmum.gov.np बाट समेत हेर्न सकिनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

परमानन्द शर्मा

नि.प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत